जीतपुरसिमरा उपमहानगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

पत्र संख्याः ०७५/०७६
चलानी नं.: ३२९६

जीतपुर, बारा
प्रदेश नं. ५, नेपाल

मितिः २०७५/१२/१५

श्री सामुदायिक विद्यालयहरु सबै,
श्री सम्बन्धित अस्थायी शिक्षकहरु सबै,
जीतपुरसिमरा उपमहानगरपालिका, बारा।

**विषयः अस्थायी शिक्षक अवकाश तथा सुविधा सम्बन्धमा।**

प्रस्तुत विषयमा शिक्षा विकास तथा समन्वय इकाई, कलैया, बाराको च.नं. ११७२ मिति २०७५/१२/०१ को पत्रको प्रतिलिपि थान-१ यसैसाथ संलग्न छ। पत्रबाट व्यहोरा अवगत गरी सोही अनुसार गर्नु गराउनुहुन अनुरोध छ ।

०७५।१२।१५
शाखा अधिकृत

नेपाल सरकार
शिक्षा,विज्ञान तथा प्रविधि मन्त्रालय
शिक्षा तथा मानव स्रोत विकास केन्द्र

# शिक्षा विकास तथा समन्वय इकाइ

बारा, कलैया
२०७५

श्री शि.अ. श्री ...
आ.लो. ... १२।१४

पत्र संख्या
चलानी नं. ११६५

मिति :-२०७५/१२/०१

विषय : अस्थायी शिक्षक अवकाश तथा सुविधा सम्वन्धमा ।

श्री सामुदायिक विद्यालयहरु सबै,बारा ।
श्री सम्बन्धित अस्थायी शिक्षकहरु सबै,बारा ।
श्री स्थानीय तह सबै,बारा ।

शिक्षा तथा मानव स्रोत विकास केन्द्र(शिक्षक व्यवस्थापन समन्वय शाखा) को च.नं.१२८ मिति २०७५।११।२८ को पत्रानुसार आ.व.२०७३/०७४ मा शिक्षक सेवा आयोगवाट शिक्षकको स्थायी पदपूर्तिका लागि प्रकाशित आन्तरिक प्रतियोगितात्मक परीक्षाको विज्ञापन नं. कमशः प्राथमिक तह,निम्न माध्यमिक तह र माध्यमिक तह १०१।०७३,१०२।०७३,१०३।०७३,२०१।०७३,२०२।०७३,२०३।०७३ र ३०१।०७३,३०२।०७३,३०३।०७३ को अन्तिम नतिजा प्रकाशन भईरहेको सन्दर्भमा शिक्षा ऐन २०२८(संशोधन सहित) को दफा ११ च को उपदफा (९) मा भएको व्यवस्था वमोजिम अस्थायी शिक्षकले स्थायी पदको लागि भएको विज्ञापनमा दरखास्त नदिएमा वा दिए पनि उक्त पदमा आयोगबाट नियुक्तिको लागि सिफारिश हुन नसकेमा त्यस्ता शिक्षकलाई उपदफा १ को खण्ड ख को प्रतिवाक्यांश वमोजिम भएको विज्ञापनमा उम्मेदवार हुन दरखास्त दिने अन्तिम मिति सम्मको अवधिलाई अधिकतम बीस वर्ष मानी तोकिए बमोजिम सुविधा पाउने भनिएको र सोही ऐनको दफा ११ च को उपदफा (१०) मा उपदफा १ को खण्ड ख बमोजिमको विज्ञापनमा उम्मेदवार नहुने अस्थायी शिक्षक र त्यस्तो विज्ञापन बमोजिम लिइएको प्रतियोगितात्मक परीक्षामा छनौट हुन नसकेका अस्थायी शिक्षकहरुबाट आवश्यक कागजातहरु सहित निवेदन संकलन गरी नोकरी अवधि प्रमाणित गरी यस इकाइको सिफारिश सहित अवकाश हुने शिक्षकले पाउने सुविधाको लागि विद्यालय शिक्षक कितावखानामा पठाउन निर्देशन भई आएको हुँदा तपसिल बमोजिमका कागजातहरु सहित ७ दिन भित्र यस ईकाईमा निवेदन पेश गर्न हुन अनुरोध छ ।

संलग्न गर्नुपर्ने कागजातहरु :

१.शैक्षिक योग्यताका प्रमाण पत्रहरु,नागकिताको प्रमाण पत्र र अध्यापन अनुमति पत्रको प्रतिलिपीहरु ।
२.नियुक्ति पत्र,नियुक्ति समर्थन/अभिलेख पत्र ।
३.सरुवा भएको भए सरुवा र रमाना पत्र ।
४.सम्वन्धित वि.नि.बाट प्रमाणित संचित विरामी बिदा ।
५.विद्यालयले गरेको सेवा अवधि प्रमाणित पत्र ।

नगेन्द्रराज पौडेल
उपसचिव/इकाइ प्रमुख

इकाइ प्रमुख

दर्ता नं.:- ४५२०
मिति:- ०७५।१२।१५